ट्रेकिङ्ग एजेन्सीज् एशोसिएसन अफ नेपाल (टान)
र
अखिल नेपाल क्रान्तिकारी पर्यटन मजदुर संघ, नेपाल ट्रेकिङ्ग ट्राभल र्‍याफ्टिङ्ग एयरलायन्स मजदुर यूनियन (युनिट्राभ), अखिल नेपाल पर्यटन मजदुर संघ र पर्यटन श्रमिक संघ
बीच
भएको सम्झौता अनुसार तलब तथा ज्याला यही १ अक्टोबर २०१४ देखि निम्न बमोजिम तय गरिएको हुँदा सोही अनुसार गर्न गराउनु हुन अनुरोध गरिन्छ।

सम्झौता मिति
२०७१ असार २६

| टीआउस /लज /ट्रेकिङ्गको लागि | | | |
|---|---|---|---|
| **अन्नपूर्ण तथा लाङ्गटाङ्ग** | **पुरानो दर रु.** | **थप रु.** | **जम्मा** |
| गाईड | १००० | २५० | १२५० |
| सहायक गाईड | ९५० | २५० | १२०० |
| सहयोगी मजदुर | ८५० | ३०० | ११५० |
| | | | |
| **सगरमाथा क्षेत्र** | **पुरानो दर रु.** | **थप रु.** | **जम्मा** |
| गाईड | ११०० | २५० | १३५० |
| सहायक गाईड | १००० | २५० | १२५० |
| सहयोगी मजदुर | ९५० | ३०० | १२५० |
| | | | |
| **क्याम्पिङ्ग ट्रेक** | **पुरानो दर रु.** | **थप रु.** | **जम्मा** |
| गाईड | ८०० | २५० | १०५० |
| कुक | ७५० | २५० | १००० |
| भान्छा सहयोगी | ७०० | २५० | ९५० |
| सहयोगी गाईड | ७०० | २५० | ९५० |
| सहयोगी मजदुर | ८५० | ३०० | ११५० |
| सहयोगी मजदुर (डोल्पा,मकालु,कञ्चनजङ्घा, सगरमाथा) | ९५० | ३०० | १२५० |

ट्रेकिङ्ग एजेन्सीज् एशोसिएसन अफ नेपाल (टान)

र

अखिल नेपाल क्रान्तिकारी पर्यटन मजदुर संघ, नेपाल ट्रेकिङ्ग ट्राभल ऱ्याफ्टिङ्ग एयरलायन्स मजदुर यूनियन (युनिट्राभ), अखिल नेपाल पर्यटन मजदुर संघ र पर्यटन श्रमिक संघ बीच भएको

## सम्झौता पत्र

आज मिति २०७१।३।१२ गते बिहीबारका दिन टानका अध्यक्ष श्री रमेश प्रसाद धमलाज्यूको अध्यक्षतामा वार्ता कमिटिका संयोजक श्री कुल बहादुर गुरुङको उपस्थितिमा अखिल नेपाल क्रान्तिकारी पर्यटन मजदुर संघले २०७१।२।१ गते माग पत्र बुझाई चरणवद्ध आन्दोलनको कार्यक्रमहरु सार्वजनिक गरी २०७१।२।८ गते टानमा तालाबन्दी गरी संशक्त संघर्षका कार्यक्रम र वार्ता अघि बढेको सन्दर्भमा २०७१।२।२८ गते अखिल नेपाल पर्यटन मजदुर संघ, नेपाल ट्रेकिङ्ग ट्राभल ऱ्याफ्टिङ्ग एयरलायन्स मजदुर यूनियन (युनिट्राभ) र पर्यटन श्रमिक संघले बुझाएको संयुक्त माग पत्रमा टानका प्रतिनिधि र चारवटै मजदुर युनियनका प्रतिनिधिहरु संयुक्त रुपमा बैठक बसी तपसीलका बुँदाहरुमा सहमती भई यो सम्झौतामा हस्ताक्षर गरी एक/एक प्रति बुझी लियौं/दियौं यो सम्झौतामा सहमती भएका कुराहरु टानबाट सम्पूर्ण सदस्य कम्पनीहरुलाई आवश्यक कार्यार्थको लागि परिपत्र गरिनेछ ।

**सहमतीका बुँदाहरु:**

**१.तलब भत्ता बृद्धि सम्बन्धमा:** अघिल्लो कार्यसमितिले गरेको निर्णयानुसार गाईड र पोटरले खाईपाई आएको तलब, भत्तामा गाईड, कुक शेर्पा र किचेन ब्वाईको तलब भत्तामा जम्मा रु.२५०।– र पोटरको तलब भत्तामा रु.३००।– प्रतिदिन बृद्धि हुने गरी आगामी अक्टोबर महिनाको १ तारीक २०१४ देखी लागू हुने गरी सर्वसम्मतिले सहमती गरियो । यो समझौता आगामी २ वर्षको लागि कायम गरिनेछ ।

**२.मजदुर कल्याणकारी कोष स्थापना सम्बन्धमा:** सञ्चालन निर्देशिका निर्माण भई आएपछि तत्काल लागू हुने गरी टिम्सकोष (TIMS FUND) बाट संकलित रकम मध्येबाट सामाजीक सुरक्षा अन्तरगत रही रु.१,५०,००,०००।– (अक्षरुपी एक करोड पचास लाख) नघट्ने गरी मजदुर कल्याणकारी कोष स्थापना गर्ने दोहोरो सहमती कायम गरियो । साथै ४ वटै मजदुर संगठन र टानको संयुक्त पहलमा नेपाल सरकारसँग समन्वय गरी एक महिना भित्रमा सञ्चालन कार्यविधि निर्देशिका निर्माण गरी लागू गर्न पहल गरिने सहमती गरियो ।

**३. कार्यदल गठन सम्बन्धमा:** टान र मजदुरहरु बीच सुमधुर सम्बन्ध कायम गरी समय सापेक्ष व्यवसायी र मजदुरहरुको हक हितलाई आत्मसाथ गर्दै दुई पक्ष बीच सहमति भए बमोजीम निम्न लिखित कार्यदल गठन गर्ने निर्णय गर्दै कार्यदलको कार्यविधि (TOR) टान कार्यसमिति र मजदुर युनियनको सहकार्यमा तयार गरी लागू गर्ने समेत सहमती गरियो ।

कार्यदल

| | |
|---|---|
| संयोजक | श्री कुल बहादुर गुरुङ |
| सदस्य | श्री पासाङ शेर्पा |
| सदस्य | श्री नमराज गौली |
| सदस्य | श्री मेघनाद (ठाकुर) तिमल्सीना |
| सदस्य | श्री निलहरी बास्तोला |
| सदस्य | श्री राम बहादुर बस्नेत |
| सदस्य | श्री लाक्पा तेन्जि शेर्पा |
| सदस्य | श्री मुक्ति दाश |
| सदस्य | श्री उपेन्द्र उप्रेती |
| सदस्य | श्री श्याम कुमार राई |
| सदस्य | श्री सुमन पराजुली |
| सदस्य | श्री दिपेन्द्र (कपिल) पाण्डे |
| सदस्य | श्री निरज मिश्र |
| सदस्य सचिव | श्री मधुजा आचार्य |

**४. अखिल नेपाल क्रान्तिकारी पर्यटन मजदुर संघले २०७१।२।८ गते टानमा लगाएको ताला खोल्ने सम्बन्धमा**
अखिल नेपाल क्रान्तिकारी पर्यटन मजदुर संघले २०७१।२।८ गते टानमा लगाएको ताला यही मिति २०७१।३।१३ गते बिहान ठिक ९:०० बजे नेपाल प्रहरी, टानका सदस्यहरु, चारैवटा मजदुर यूनियन, टानका पदाधिकारीहरु एवं सदस्यहरुका साथै टान कर्मचारीहरुको उपस्थितिमा खुलाउने सहमती भयो ।

५.अखिल नेपाल क्रान्तिकारी पर्यटन मजदुर संघ र नेपाल ट्रेकिङ्ग, ट्राभल ऱ्याफ्टिङ्ग एयरलायन्स मजदुर युनियन (UNITRAV), अखिल नेपाल पर्यटन मजदुर संघ र नेपाल पर्यटन श्रमिक संघले गरेको अन्य मागहरु सम्बन्धमा: ४ वटै मजदुर संगठनबाट राखिएका अन्य मागहरु मिति २०७१।३।१३ गते टानको कार्यालयमा बसी छलफल गरी सहमति गरियो ।

**६.मजदुरहरुको परिचय पत्र सम्बन्धमा:** ट्रेकिङ्ग क्षेत्रमा जाने field Staff हरुको सम्बन्धीत कम्पनीबाट परिचय पत्र उपलब्ध गर्न गराउन टानले पत्रचार गर्ने सहमति गरियो ।

**७. विदेशी पदयात्री पर्यटकले अनिवार्य रुपमा नेपाली मजदुर लिएर मात्र पदयात्रामा जानु पर्ने व्यवस्था सम्बन्धमा:** सम्बन्धीत निकायसँग संयुक्त रुपमा पहल गर्ने सहमती गरियो ।

**८. दुर्घटना बिमा सम्बन्धमा:** अधिकतम रुपमा लागू भएको इन्सुरेन्स् कम्पनीसँग सहकार्य गरेर सम्पूर्ण पदयात्रा मजदुरहरुको बिमा गर्न कार्यदल अगाडि बढ्ने सहमती भयो ।

**९.२०७० पैष १० गते पोखरामा भएको सम्झौता सम्बन्धमा:**
यो सम्झौता सिघ्र लागू गर्न कार्यदलले पहल गर्ने सहमती गरियो । त्यसैगरी अन्य ट्रेकिङ्ग रुटहरुमा पनि सोही अनुसार होटलको मेनु व्यवस्थापन गर्न सम्बन्धित निकायमा छलफल गरी लागू गर्ने व्यवस्था गरिनेछ ।

**१०.चाडपर्व खर्च सम्बन्धमा:** गाईड, कुक, शेर्पालाई चाडपर्व हेरी बार्षिक रुपमा रु.८,०००।– प्रतिव्यक्ति चाडपर्व खर्च उपलब्ध गराउने व्यवस्था गर्न, गराउन सदस्य कम्पनीलाई प्रोत्साहित गर्ने सहमती गरियो ।

११.कर्मचारीको तलब सम्बन्धमा: नेपाल सरकार, श्रम ऐनले तोके अनुसारको न्यूनतम सेवा सुविधा दिने व्यवस्था गर्न गराउन पत्राचार गर्ने सहमती गरियो ।

१२. बजेट लिस्ट सम्बन्धमा: कम्पनीहरुले ग्रुपको बजेट लिस्ट स्पष्ट हुनेगरी अनिवार्य पठाउने व्यवस्था गर्ने सहमती गरियो ।

१३. लाइसन् गाईड सम्बन्धमा: यही जनवरी १, २०१५ बाट लाईसेन्स प्राप्त पथप्रदर्शकले मात्र गाईड गर्न पाउने व्यवस्थाको लागि पहल गरिनेछ । र सो समय भन्दा अघि सदस्य कम्पनीहरुलाई आफ्नो तयारी सोही अनुरुप गर्न टानले परिपत्र गर्ने साथै पोटर गाईड तालिम सञ्चालन गर्ने सहमति भयो ।

१४. पर्यटन मजदुरहरुको जनचेतना सम्बन्धमा: यो सम्झौता कार्यन्वयन हुनु भन्दा अगाडि सबै चेकपोष्टहरुमा टान र चारैवटा मजदुरहरुको प्रतिनिधिहरु गई तलब, भत्ता वृद्धि सम्बन्धी जानकारी गराउने सहमती गरियो ।

१५. Expedition को हकमा Operator हरुको भेला गराई कर्यादलमा छलफल गरी कार्यन्वयनको लागि पेश गर्ने सहमती भयो ।

**ट्रेकिंग एजेन्सीज् एशोसिएसन अफ नेपाल (टान)**

रमेश धमला, अध्यक्ष ..........

सागर पाण्डे, महासचिव ..........

**अखिल नेपाल क्रान्तिकारी पर्यटन मजदुर संघ**

श्री राम बहादुर बस्नेत, अध्यक्ष ..........

**नेपाल ट्रेकिङ्ग ट्राभल र्‍याफ्टिङ्ग एयरलायन्स मजदुर युनियन (युनिट्राभ)**

सुमन पराजुली, महासचिव..........

**अखिल नेपाल पर्यटन मजदुर संघ**

मुक्तिनाथ दास, अध्यक्ष..........

**पर्यटन श्रमिक संघ**

दिपेन्द्र (कपिल) पाण्डे, अध्यक्ष ..........

इति सम्वत २०७१ असार २६ गते रोज ५ शुभम् ।